# सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम २०७७ बैशाख देखि असार मसान्तसम्म ३ महिना अवधिमा सम्पादित मूख्य मूख्य कार्यहरूसँग सम्बन्धित

## स्वतः प्रकाशन

## (Proactive Disclosure)




## नेपाल सरकार

## गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, जुम्ला

## २०७७ श्रावण

स्वतः प्रकाशन जुम्ला

# प्रमुख जिल्ला अधिकारीको भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजानिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सबै सार्वजानिक निकायले आफ्नो निकायसंग सम्वन्धित सूचनाहरु अद्यावधिक गरी राख्नुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजानिक गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। सोही अनुसार जिल्ला प्रशासन कार्यालय जुम्लाबाट २०७७ बैशाख १ गते देखि असार मसान्तसम्म सम्पादन भएका कार्यहरुलाई अद्यावधिक गरी यो स्वत:प्रकाशन (Proactive Disclosure ) गरिएको छ। यसवाट जिल्ला प्रशासन कार्यालयले उक्त अवधिमा सम्पादन गरेका क्रियाकलापहरूको सूचनाका बारेमा आम नागरिक तथा सरोकारवालाहरुको सहज पहुँच अभिवृद्धि हुनेछ।

राज्यबाट प्राप्त हुने सेवा सुविधाहरु सबै जनतालाई सरल र सहज रुपमा पारदर्शी ढंगवाट उपलब्ध गराउने तथा उपलब्ध सेवाहरुका वारेमा आम सरोकारवाला व्यक्ति तथा निकायलाई सुसुचित गर्न यस कार्यालयका अतिरिक्त जुम्ला जिल्ला स्थित सबै सार्वजानिक निकायहरुबाट सूचनाको हक सम्वन्धी ऐन अनुसार स्वत:प्रकाशन (Proactive Disclosure ) लाई नियमित गर्ने कार्यमा सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी नागरिकको सूचनाको हक स्थापित गर्नका लागि जिल्ला प्रशासन कार्यालय, जुम्लाको अग्रसरता र प्रतिवद्धता रहेको छ।

अन्त्यमा, आगामी दिनमा यस कार्यालयबाट हुने सेवाप्रवाहलाई अझ सहज सरल र पहुँचगम्य बनाई गुणस्तरीय सेवा प्रवाह गर्ने सम्वन्धमा पृष्ठपोषण प्राप्त गर्ने अपेक्षा सहित यस जिल्ला प्रशासन कार्यालय, जुम्लामा कार्यरत सम्पूर्ण कर्मचारीहरू एवं प्रतिवेदन तयारी कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**२०७७, श्रावण १४**

**भूपेन्द्र थापा**
**प्रमुख जिल्ला अधिकारी**

स्वत: प्रकाशन जिल्ला प्रशासन कार्यालय

# विषय सूची


| सि.न. | शीर्षक | पेज न |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति | ४ |
| २. | जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार | ४ - ५ |
| ३. | जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी र शाखागत विवरण | ५ - ५ |
| ४. | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा/कार्य विवरण | ६ - ८ |
| ५. | सेवाप्रवाह सम्वन्धी सम्पादित मूख्य मूख्य कार्यहरु | ८ - ९ |
| ६. | जिल्ला प्रशासन कार्यालयका फाँट तथा जिम्मेवार अधिकारी | १० |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १० - ११ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ११ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १२ |
| १०. | सम्पादन गरेको कामको विवरण | १२ -२१ |
| ११. | सूचना अधिकारी र प्रमुखको नाम र पद | २१ |
| १२. | जिल्ला प्रशासन कार्यालयको आर्थिक विवरण | २१ |
| १३. | जिल्ला प्रशासन कार्यालयसंग सम्वन्धित ऐन कानुन | २२ - ३४ |


स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

## १. जिल्ला प्रशासन कार्यालय, जुम्लाको स्वरूप र प्रकृतिः

वि.सं. २०२४ सालमा तत्कालिन श्री ५ को सरकारले नेपाल अधिराज्यको सरकारी सेवा प्रवाह गर्नको लागि यस जिल्लामा बडाहाकिमको स्थापना गरी उक्त कार्यालयको कार्य संचालन गर्न वडाहाकिमको रूपमा श्री राजेन्द्र पुरूष ढकाललाई नियूक्त गरी खटाईएको थियो। स्थानीय प्रशासन ऐन, २०२८ को प्रारम्भ पश्चात वडाहाकिमको कार्यालयलाई रूपान्तरण गरी जिल्ला प्रशासन कार्यालय, जुम्ला स्थापना गरिएको थियो। स्थानीय प्रशासन ऐन २०२८ बमोजिम यस जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न तथा जिल्ला स्थित अन्य कार्यालयहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन प्रवर्द्धन गर्ने जिम्मेवारीका साथ निरन्तर रूपमा संचालन हुँदै आएको छ । मूख्यतया यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेका गृह प्रशासन सम्बन्धी अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ। जसमा संघ, प्रदेश, स्थानीय तहहरूवीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध नियन्त्रण, दैनिक रूपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजानिक सम्पतिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागु औषधको नियन्त्रण तथा नियमन, अर्धन्यायीक कार्य, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपुर्ति तथा उपभोक्ताहित संरक्षण, आर्थिक अनियमितता र भष्टचार नियन्त्रण, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था, समाजमा रहेका कुरीति, कुप्रथा, कुसंस्कार (जस्तै वालविवाह, मानव बेचविखन, छाउ (छुई) प्रथा) को उन्मूलन सम्बन्धी जनचेतना फैलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरू सम्पादन गर्दै आएको छ।

## २. जिल्ला प्रशासन कार्यालय, जुम्लाको काम कर्तव्य, अधिकार :

- जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने सम्वन्धी कार्य ,
- स्थानीय प्रशासन सञ्चालन सम्वन्धी कार्य,
- नेपाली नागरिकता प्रमाणपत्र/नावालक परिचयपत्र वितरण सम्वन्धी कार्य,
- राहदानी सम्वन्धी सेवा प्रदान सम्वन्धी कार्य,
- आदिवासी जनजाती, दलित,अपांगताको सिफारिस सम्वन्धी कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्वन्धी कार्य,
- संस्था दर्ता तथा नवीकरण सम्वन्धी कार्य,
- विपद् व्यवस्थापन सम्वन्धी कार्य ,
- अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी कार्य,
- सुशासन/सार्वजानिक सेवा प्रवाह सम्वन्धी कार्य ,
- सवारी साधन सञ्चालन सम्वन्धी कानूनको कार्यान्वयन सम्वन्धी कार्य,
- लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण सम्वन्धी कार्य,
- सरकारी कार्यालयहरुको अनुगमन तथा निरीक्षण सम्वन्धी कार्य,
- वाल कल्याण तथा वाल अधिकार सम्वन्धी कार्य,
- भ्रष्टाचार नियन्त्रण सम्वन्धी कार्य,
- विस्फोटक पदार्थ सिफारिस र नियमन सम्वन्धी कार्य,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन सम्वन्धी कार्य,
- कल्याण धन र बेवारिस धनको व्यवस्थापन सम्वन्धी कार्य,

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

- चिठ्ठा, जुवा आदिको नियन्त्रण सम्वन्धी कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको
- नियन्त्रण सम्वन्धी कार्य,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन सम्वन्धी कार्य,
- मुआब्जा निर्धारण तथा वितरण सम्वन्धी कार्य,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस सम्वन्धी कार्य,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत सम्वन्धी कार्य,
- जिल्ला स्थित कारागारको अनुगमन,नियमन र नियन्त्रण सम्वन्धी कार्य,
- स्थानीय तहसंगको समन्वयमा जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण,अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन सम्वन्धी कार्य,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण सम्वन्धी कार्य,
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग सम्वन्धी कार्य,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण सम्वन्धी कार्य,
- विकास निर्माण कार्यमा सहयोग तथा समन्वय सम्वन्धी कार्य,
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने सम्वन्धी कार्य,।
- हिस्रक जन्तु मार्ने सम्वन्धी कार्य, ।
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने सम्वन्धी कार्य, ।
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन सम्वन्धी कार्य,
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित अन्य कार्यहरु ।

## ३. जिल्ला प्रशासन कार्यालय जुम्लाको स्वीकृत कर्मचारी दरवन्दी :

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.प्र.) | १ | १ | रा.प.द्वि. |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्व.) | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत/स.प्र.जि.अ. (रा.प.तृ.) | २ | १ | |
| ४ | नायब सुब्बा | ५ | ५ | |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | २ | २ | करार |
| ७ | खरिदार | ३ | २ | १ रिक्त |
| ८ | हलुका सवारी चालक | १ | १ | |
| ९ | कार्यालय सहयोगी | ६ | ६ | |
| | जम्मा | २२ | १९ | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

## ४. जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट प्रवाह गरिने सेवा / कार्यहरू:

### ४.१. शान्ति सुरक्षा तथा सु- व्यवस्था सम्बन्धी कार्य :

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने,
- सुरक्षा निकायहरूको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह नागरिक समाज तथा सरोकारवालाहरूसँग सहकार्य गर्ने।

### ४.२. स्थानीय प्रशासन सम्बन्धी कार्य :

- संघ संस्था दर्ता, नवीकरण, विधान संसोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने।
- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नवीकरण तथा नियमन गर्ने।
- सार्वजनिक सम्पतिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने।
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने।
- नाबालकको उमेर प्रमाणित गर्ने।
- पारिवारिक पेन्सन, शपथ पत्र सम्बन्धी सिफारिस / प्रमाणित गर्ने।
- पत्रपत्रिका दर्ता गर्ने।
- छापाखाना दर्ता गर्ने।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नाता प्रमाणित गर्ने।

### ४.३. राहदानी सम्बन्धी कार्य :

- राहदानी सम्बन्धी फाराम संकलन गर्ने,
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधन गर्ने,

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

### ४.४. नागरिकता सम्बन्धी कार्य :

- वंशजको आधारमा नागरिकताको प्रमाण–पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण–पत्र वितरण गर्ने,
- नागरिताको प्रमाण– पत्रको प्रतिलिपि वितरण गर्ने,
- नाम थर, जन्म मिति तथा अन्य विवरण संशोधन (दफा १७ बमोजिम) गर्ने,

### ४.५. अर्धन्यायिक कार्य :

- सार्वजानिक शान्ति सुरक्षा विरूद्धका कसुरहरूको शुरू कारवाही तथा न्यायिक निर्णय गर्ने।
- मूलुकि अपराध संहिता, २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्दाको शुरू कारवाही र न्यायिक निर्णय गर्ने।
- विशेष ऐनमा मुद्धा हेर्ने अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरूमा शुरू कारवाही तथा न्यायिक निर्णय गर्ने।
- गुनासो वा ठाडो उजुरी सुन्ने।

### ४.६. बजार अनुगमन / उपभोक्ता हित सम्बन्धी कार्य :

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति, पँहुच तथा गुणस्तर सुनिश्चित गर्नका लागि स्थानीय सरकारसँगको सहकार्यमा बजार अनुगमन तथा नियमन गर्ने।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने।

### ४.७. विपद् व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जूमा तथा कार्यान्वयन गर्ने र गराउने,
- मनसुन अपतकालीन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- विपद् क्षती विवरण संकलन तथा विपद् पीडितहरूलाई क्षतिपूर्ति एवम् राहत वितरण गर्ने।

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

### ४.८. अख्तियार दुरूपयोग अनुसन्धान सम्बन्धी कार्य:

- नेपाल राजपत्र भाग ४, संख्या ४३ मिति २०७५ मंसीर २४ अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसारका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूको छानवीन र विस्तृत अनुसन्धान तथा कारवाही सम्बन्धी कार्य गर्ने ।

### ४.९. विविध कार्य:

- गुनासो सुनुवाई गर्ने,
- विकास आयोजनाहरू कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसँग समन्वय गर्ने,
- सरकारी निकायबाट हुने सार्वजानिक सेवा प्रवाहको अनुगमन गर्ने,
- नेपाल सरकार गृह मन्त्रालय, कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने ।

## ५. जिल्ला प्रशासन कार्यालय जुम्लाबाट सम्पादित मुख्य कार्यहरू :

| क्र.सं. | सम्पादन गरेको काम | | २०७७ बैशाख देखि असारसम्म | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७७ बैशाख | २०७७ जेष्ठ | २०७७ असार | जम्मा |
| १ | नागरिकता वितरण | बंशज | - | - | ४७ | ४७ |
| | | बैबाहिक अंगिकृत | - | - | - | - |
| | | प्रतिलिपि (संशोधन सहित) | - | - | २ | २ |
| | | प्रतिलिपि | - | - | १५ | १५ |
| २ | राहदानी सिफारीस | सामान्य वितरणा (कार्यालयबाट) | - | - | २ | २ |
| | | द्रुत सेवा (सिफारीस) | - | - | - | - |
| ३ | राहदानी वितरण | | - | - | १ | १ |
| ४ | राष्टिय परिचय पत्र दर्ता | | - | - | - | - |
| ५ | गुनासो वा ठाडो उजुरी | | - | - | १ | १ |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नाम,थर,उमेर आदि प्रमाणित | - | - | - | - |
| ७ | नाबालक प्रमाणपत्र | - | - | - | - |
| ८ | संस्था दर्ता | - | - | - | - |
| ९ | संस्था नवीकरण | - | - | - | - |
| १० | संस्थाको विधान संशोधन | - | - | - | - |
| ११ | हातहतियार जिल्ला भित्रको नवीकरण | - | - | - | - |
| १२ | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरूद्धका कसुर सम्बन्धी मुद्धा दर्ता | १ | १ | ३ | ५ |
| १३ | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरूद्धका कसुर सम्बन्धी मुद्धा फर्छौट | - | - | - | - |
| १४ | बजार अनुगमन | - | - | १ | १ |
| १५ | विपद् राहत वितरण | - | - | - | - |
| १६ | **बैठक** | | | | |
| | जिल्ला सुरक्षा समिति | ४ | ११ | १० | २५ |
| | विपद् व्यवस्थापन समिति | २ | ४ | १ | ७ |
| | DCCMC | ४ | ६ | ६ | १६ |
| | कार्यालय प्रमुख | - | १ | - | १ |
| | सुचना अधिकारी | - | - | १ | १ |
| | समन्वय बैठक | - | - | २ | २ |
| | विविध | - | २ | ६ | ८ |
| १७ | **राजस्व** | | | | |
| | राहदानी | - | - | १०००० | १०००० |
| | संघसंस्था दर्ता,नविकरण | - | - | - | - |
| | न्यायिक दण्ड जरिवाना | - | - | १२००० | १२००० |
| | धरौटी | - | - | २६००० | २६००० |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

## ६.जिल्ला प्रशासन कार्यालय, जुम्लामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क न. |
|---|---|---|---|
| १ | समग्र सेवा प्रवाह तथा गुनासो व्यवस्थापन | स.प्र.जि.अ. ओम प्रकाश देवकोटा | ९८५८३२०३८० |
| २ | कर्मचारी प्रशासन तथा संस्था दर्ता फाँट | ना.सु. विष्णु बहादुर महत | ९८६८३८२५२८ |
| ३ | नागरिकता तथा प्रतिलिपि फाँट | ना.सु. सुरत गिरी<br>खरिदारः हरिहर काफ्ले | ९८६०८६०२५७<br>९८६४९८०८०६ |
| ४ | स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा फाँट | खरिदार रामकृष्ण पाण्डे | ९८४८०९७७३२ |
| ५ | राहदानी फाँट | ना.सु. दत्त लामा | ९८४८३१२५४८ |
| ६ | जिन्सी तथा अभिलेख व्यवस्थापन फाँट | ना.सु.कविदत्त न्यौपाने | ९८५८३२०३०१ |
| ७ | सूचना/प्रविधि फाँट | क.अ. दान महतारा<br>क.अ. जनक सिंह | ९८४८३१६६६० |
| ८ | आर्थिक प्रशासन फाँट | लेखापाल मुन प्रसाद खत्री | |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १८/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | २,५००/– नावालक (५ वर्ष)<br>५,०००/– साधारण<br>१०,०००/– द्रुत | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | – | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | – | तुरुन्त | |
| ७ | गुनासो वा ठाडो उजुरी | १०/– को टिकट | यथाशीघ्र | |
| ८ | नाम,थर उमेर आदि प्रमाणित | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| | | | | |
|---|---|---|---|---|
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नवीकरण | ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित, आदिवासी/जनजाती सिफारिस | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १,०००/–<br>साप्ताहिक ५००/–<br>पाक्षिक ३००/–<br>मासिक २००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण | १५०/– | प्रक्रिया पुगेकै दिन | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण | ३००/– | प्रक्रिया पुगेकै दिन | |
| २१ | नाम,थर जन्म मिति संशोधन | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २२ | नाता प्रमाणित | १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | १०/– को टिकट | कानून वमोजिम | |
| २४ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १०/– को टिकट | यथाशीघ्र | |
| २५ | अन्य मुद्दा | १०/– को टिकट | यथाशिघ्र | |
| २६ | तिब्बतीयन शरनार्थी परिचयपत्र नविकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| २७ | विष्फोटक पदार्थ ईज्जात–पत्र | - | यथाशिघ्र | |
| २८ | विष्फोटक पदार्थ ईज्जात–पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी।
- सहायक प्रमुख जिल्ला अधिकारी: प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

**क) निर्णय उपर उजुरी सुन्ने अधिकारी :** प्रचलित कानून बमोजिम ।

## १०. जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेको कामको विवरण:

### १. RTPCR उपकरण जडान र संचालनः-

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल व्यवस्थापन समितिको मिति २०७६/१२/२३ गते कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीको समुपस्थितिमा बसेको बैठकले RTPCR उपकरणको व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरे सँगै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उक्त उपकरण जडान गरिएको छ । मिति २०७७/०१/२२ गतेबाट संचालनमा आएको उक्त उपकरणबाट हालसम्म ४९१२ जना व्यक्तिको Throat Swab परीक्षण गरिएको छ । DCCMC जुम्ला, स्थानीय तह, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको सहकार्यमा मिति २०७७/१/२९ गते जुम्लाका सवै स्थानीय तहबाट ऐतिहासिक रूपमा एकै पटक ८४९ व्यक्तिको Throat Swab संकलन गरी परीक्षण गरिएको थियो । उक्त RTPCR मेसीनबाट पश्चिम क्षेत्रका सुर्खेत, दैलेख, अछाम, बाजुरा, डढेल्धुरा, मुगु, कालिकोट जिल्लाको Throat Swab परीक्षण भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोशाला, टेकु पश्चात सबै भन्दा बढी परीक्षण गर्ने ख्याती कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको नाममा छ ।

### २. विपद् व्यवस्थापन समितिको बैठक तथा अन्य बैठकहरूः-

COVI-19 को रोकथाम र नियन्त्रणका क्रममा जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाले ७ वटा बैठकको आयोजना गरेको थियो । जस मध्य एउटा बैठकमा कर्णाली प्रदेश सरकारका मूख्य मन्त्री माननीय महेन्द्र बहादुर शाहीको समुपस्थिति रहेको थियो भने अर्को एक बैठकमा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीको समुपस्थिति रहेको थियो । कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी मनसुन प्रतिकार्य योजना निर्माण, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, सलह किराले पार्न सक्ने प्रभाव सम्बन्धी महत्वपूर्ण निर्णयहरू भएको थियो । जिल्ला सुरक्षा समिति २५ वटा, DCCMC को १६ वटा र क्वारेन्टाइन संञ्चालन तथा व्यवस्थापन समितिको १० वटा बैठक सम्पन्न भै सकेका छन् । आवश्यकता अनुसार Virtual तथा टेलिफोन संवादबाट पनि छलफल, समन्वय र सहकार्य गर्ने गरिएको थियो ।

### ३. विकास आयोजना अनुगमन तथा सहजीकरणः-

Lockdown को अवधिलाई सदुपयोग गरी संचालन गर्न सकिने आयोजनाहरूका सम्बन्धमा गृह मन्त्रालयको निर्देशन बमोजिम यस जिल्लाका १८ वटा सडक तथा पुलको निमार्ण तथा मर्मत, कर्णाली प्रदेश सरकार र स्थानीय तहका महत्वपूर्ण आयोजनाहरूलाई Lockdown का न्यूनतम शर्त र मान्यताहरू पालना गर्ने गरी जनशक्तिको व्यवस्थापन, निमार्ण सामाग्रीको ढुवानी, इन्धन ढुवानी, सवारी साधन तथा उपकरणको आवागमनलाई व्यवस्थित गरिएको थियो । श्रमिक र अन्य जनशक्तिहरू अनिवार्य रूपमा कार्यस्थल भित्रै रहनुपर्ने, उनीहरूलाई आवश्यक आवास र खानाको व्यवस्था कार्यस्थल भित्रै हुनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थल बाहिर रहेका परिवारका सदस्य लगायत अन्य कुनै पनि व्यक्तिहरूसँग सम्पर्कमा आउन नदिने, कार्यस्थलमा कामदार बीच न्यूनतम भौतिक दुरी कायम गर्ने र नेपाल सरकारले लागू गरेको (COVID-19) सम्बन्धी मापदण्डहरूको पूर्णरूपमा पालना गर्ने शर्तमा

आयोजना संचालन गर्ने निकाय र निर्माण कम्पनी जिम्मेवार रहने तथा लकडाउनको शर्त पालना गरे नगरेको अनुगमन DCCMC, जुम्लाले गर्ने गरी सहजीकरण गरिएको थियो । साथै आर्थिक वर्षको अन्तमा जिल्ला अनुगमन तथा मूल्यांकन समितिका पदाधिकारीबाट चन्दननाथ नगरपालिका भित्र सञ्चालित आयोजनाहरू र अन्य गाँउपालिकामा सञ्चालित विकास निर्माणका क्रियाकलापहरूको अनुगमन गरिएको। जिल्ला अनुगमन तथा मूल्यांकन समितिको बैठक बसी विकास आयोजना सहजीकरण तथा सेवा प्रवाहको अनुगमन मूल्यांकन गर्ने कार्ययोजना तयार गरी अनुगमन कार्य गर्ने निर्णय समेत गरिएको

## ४. स्थानीय तह स्तरीय एम्बुलेन्सको व्यवस्था:-

कोरोना भाइस COIVD-19 को संक्रमणको उच्च जोखिमलाई मध्यनजर गर्दै COVID-19 Crisis Management Centre, जुम्लाको अनुरोध लाई स्वीकार गरी जुम्लाका प्रत्येक स्थानीय तहले बिरामीलाई ओसार पोसार गर्ने एम्बुलेन्स तथा सोही प्रकारको सवारी साधनको व्यवस्था गरेका छन्। यस्ता सवारी साधनले कतिपय स्थानीय तहमा क्वारेन्टाईन व्यवस्थापनमा समेत सहयोग पु-याएका थिए। जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय तहको सहकार्यमा मासिक भाडा उपलब्ध गराउने गरी COVID-19 Friendly Ambulance को व्यवस्था गरेको छ। जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको निर्णय तथा CCMC, जुम्लाको व्यवस्थापनमा कोरोना संक्रमित व्यक्तिहरूलाई अस्पतालसम्म ल्याउने कार्यका लागि **COVID-19 Friendly Ambulance** को व्यवस्था गरिएको छ। उक्त सवारी साधन स्थानीय राज बहादुर रावलले मासिक भाडामा उपलब्ध गराएका हुन भने सो को व्यवस्थापनका लागि स्थानीय समाज सेवी श्री देवेन्द्र बहादुर शाहीले रू. १ (एक) लाख सहयोग गर्नु भएको छ। यसै गरी संघीय खानेपानी आयोजना, पूर्वाधार विकास कार्यालय तथा खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयले ईन्धन उपलब्ध गराएका छन्। कोरोना संक्रमितलाई अस्पतालसम्म ल्याउन यो एम्बुलेन्सको प्रयोग गर्ने गरिएको छ।

### एम्बुलेन्स सम्बन्धी विवरण

| | | | | |
|---|---|---|---|---|
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | | एम्बुलेन्स ९७४८९४१६६६, ९८४३७३६७३० | | गोकर्ण कार्की<br>टंकराज आचार्य<br>मोतीप्रसाद न्यौपाने |
| नगरपालिका/गाँउपालिका | | चालक/सम्पर्क नम्बर | स्वास्थ्य ईकाई प्रमुख | पालिका प्रमुख/ अध्यक्ष |
| १ | चन्दननाथ न.पा. | लोक बहादुर रोकाय ९८६८९४८२७० | पृथ्वीनाथ योगी ९८४८३०२२५१ | कान्तिका सेजुवाल ९८५८३२२२३० |
| ३ | पातारासी गा.पा. | खड्क ब बुढा ९८६३१६३५१२ | रतन बुढ्थापा ९८४८३०२१५५ | लक्षिमन बोहोरा ९७५८९००२१८ |
| ४ | गुठिचौर गा.पा. | अजय बुढा ९८६४८७०८३८ | बलराम नेपाली ९८५८०२३२८२ | हरि बहादुर भण्डारी ९८५८३२२९१६ |
| ५ | तिला गा.पा. | राम बहादुर वुढा ९८६४६२५९२५ | गणेश शाही ९८४८३१३४११ | रतननाथ योगी ९८५८३२०१३७ |
| ६ | तातोपानी गा.पा. | सुर्य श्रेष्ठ ९८६६५२७३९६ | गुरु प्रसाद चौलागाई ९८४८३०७५५१ | नवराज न्यौपाने ९७५८९०७८६१ |
| ७ | हिमा गा.पा. | मान बहादुर शाही ९८६६६३१४६१ | रतन रावत ९८६८३९८८६९ | रज बहादुर शाही ९८५८३२०७११ |

स्वतः प्रकाशन जिल्ला प्रशासन जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ८ | सिंजा गा.पा. | कृष्ण रोकाय ९८६८३६८२०३ | नर बहादुर रोकाय ९८६६६३३५०६ | देवल सिंह रावल ९८५१०१२२९४ |
| ९ | कनकासुन्दरी गा.पा. | लोकेन्द्र कट्टेल ९८६६१७४३४३ | दामोदर आचार्य ९८४८०८३४१६ | नरवीर रावत ९८५८०५०२८० |
| १० | COVID-19 Friendly Ambulance | राज बहादुर रावल ९८४८३६२९२९ | | ओम प्रकाश देवकोटा ९८५८३२०३८० |

**५. क्वारेन्टाइन स्थलहरूको निरीक्षण तथा सहजीकरणः-**

भारत तथा तेस्रो मूलुक र नेपालको विभिन्न स्थानहरूबाट आएका व्यक्तिहरूको लागि स्थापना गरिएका विभिन्न स्थानीय तह अन्तर्गत एकीकृत क्वारेन्टाइन स्थलहरूको COVID-19 Crisis Management Centre, जुम्लाले नियमित रूपमा अनुगमन निरीक्षण गरेको थियो। अनुगमनका क्रममा क्वारेन्टाइनमा बसेका व्यक्ति, स्थानीय तहका पदाधिकारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य व्यक्तिहरूसँग अन्तर्क्रिया गर्ने गरेको थियो। यस क्रममा बाहिरबाट जिल्ला प्रवेश गरेका व्यक्तिहरूलाई क्वारेन्टाइनमा बस्न अभिप्ररित गर्ने, क्वारेन्टाईन स्थलको सुरक्षा प्रबन्ध चुस्त राख्न स्थानीय तहसँग खानपान लगायत अन्य व्यवस्था चुस्त दुरूस्त राख्ने, स्वास्थ्य कर्मीले सुरक्षित रूपमा सेवा प्रदान गर्ने र स्थानीय हरूसँग यस संकटमा सरकारलाई सहयोग गर्न अनुरोध गर्ने गरेको थियो। जिल्ला स्थित विभिन्न गाँउपालिका र नगरपालिकामा रहेको एकीकृत क्वारेन्टाईन स्थलहरूको प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापा र अन्य सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा अनुगमन सम्पन्न गरी सम्बन्धित पालिकालाई व्यवस्थित रूपमा सञ्चालन गर्न पृष्ठपोषण तथा सुझाव प्रदान गरिएको।

**६. बजार अनुगमनः-**

नेपाल सरकारले घोषणा गरेको Lockdown को अवधिमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति, औषधी, खाद्य वस्तु, दुध, तरकारी फलफूल जस्ता वस्तुको सहज व्यवस्थापनका सम्बन्धमा स्थानीय तहको नियमित बजार अनुगमनमा DCCMC जुम्लाको सक्रिय सहभागिता रहने गरेको छ। कोभिड – १९ को संकटको बेला बजारमा हुनसक्ने कालोबजारीलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यलयको नेतृत्वमा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार महासंघ र सम्बन्धित स्थानीय तहहरुको सहकार्यमा नियमित अनुगमन गरिएको छ। जिल्ला कृषि विकास कार्यालय, नेपाल खाद्य तथा व्यापार कम्पनि लिमिटेड र उद्योग बाणिज्य संघ, जुम्लालाई कम्तिमा ३ महिनाका लागि पुग्ने गरी खाद्यन्न मौज्दात राख्न बारम्बार निर्देशन दिईएको छ। यसै गरी अत्यावश्यक सेवामा संचालित सवारी साधनहरुलाई ईन्धनको अभाव हुन नदिन प्रयाप्त मात्रामा ईन्धनको मौज्दात राख्न ईन्धन व्यवसायीहरूलाई निर्देशन दिईएको छ। कोरोना भाईरस **(COVID-19)** को संक्रमण, रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि गरिएको **Lockdown** (बन्दावन्दी) को कारण साना किसान, मजदुर तथा उपभोक्ताहरुमा पर्न जाने असरलाई मध्यनजर गरी उद्योग बाणिज्य संघ, जुम्लाको समन्वय तथा सहकार्यमा स्थानीय बजार तथा पसलहरु स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गर्ने गरी दैनिक उपभोग्य वस्तुहरु खाद्यान्न, तरकारी, दुध र फलफूल लगायतका सेवाको बिक्री वितरणका लागि खुल्ला गरिएको छ।

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

**७. विदेशी नागरिकको उद्धार र यात्रा सहजीकरणः-**

Lockdown को घोषणासँगै मुगु तथा जुम्ला जिम्ला भ्रमणमा रहेका २३ जना विदेशी नागरिकहरूको उद्धार गरिएको थियो। यस्ता विदेशीहरू ६ चाइनिज, ५ भारतीय, ४ इटालियन, २ अमेरिकन, १ जर्मन, १ क्यानेडियन र ४ फ्रान्सेली नागरिक रहेका छन। यस्ता पर्यटकहरूलाई नेपाल पर्यटन वोर्डको अनुरोध तथा गृह मन्त्रालयको निर्देशन बमोजिम उनीहरूको गन्तव्यसम्म पुग्नका लागि यात्रा सहजीकरण गरिएको थियो।

**८. जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूको व्यवस्थापन कार्ययोजनाः-**

लकडाउनको अवधि र त्यस पश्चात जुम्ला प्रवेश गर्ने व्यक्तिहरू, तिनका परिवार, समुदाय र सिंगो जिल्लालाई कोरोना भाईरस (COVID-19) को संक्रमणबाट सुरक्षित राख्न COVID-19 Crisis Management Centre, जुम्लाले लकडाउन अवधि र त्यस पश्चात जुम्ला जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूको व्यवस्थापन कार्ययोजना, २०७७ पारित गरेको छ। उक्त कार्ययोजनामा सम्बन्धित निकायहरूको भूमिका र उत्तरदायित्व उल्लेख गरिएको छ। सो कार्य योजनाको कार्यान्वनबाट जुम्ला जिल्लालाई भविष्यमा पनि COVID-19 को जोखिमबाट सुरक्षित राख्न सकिने विश्वास गर्न सकिन्छ।

**९. एकीकृत क्वारेन्टाईन सेन्टरको स्थापना र सञ्चालन**

भारत लगायत तेस्रो मूलुक र नेपालको विभिन्न स्थानबाट जुम्ला जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको २०७७/०२/०३, २०७७/०२/११, २०७७/०२/१८ र २०७७/०२/२० गतेको बैठकको निर्णयले कर्णाली प्राविधिक शिक्षालय लगायत जिल्लाका १४ स्थानमा एकीकृत क्वारेन्टाईन सेन्टरको स्थापना गरेको थियो। स्थानीय तह अन्तर्गत रहेका क्वारेन्टाईन शैयालाई एकीकृत क्वारेन्टाईन सेन्टरमा स्थानान्तरण गरिएको थियो। क्वारेन्टाईन सेन्टरमा बस्ने व्यक्तिहरूको व्यवस्थापकीय खर्च स्थानीय तहले व्यहोर्ने निर्णय हुनुका साथै बाहिर जिल्लाका नागरिकहरूलाई क्वारेन्टाईन सेन्टरमा राख्नु परेमा त्यस बापतको खर्च प्रत्येक स्थानीय तहले दामासाहीले व्यहोर्ने निर्णय भएको थियो। यस अघि स्थानीय तह अन्तर्गत रहेका क्वारेन्टाईन सेन्टरमा बाहिरबाट आएका व्यक्तिहरू बस्न नमान्ने, जनप्रतिनिधिहरूसँग अनावश्यक वादविवाद, झै-झगडा गर्ने, क्वारेन्टाईन सेन्टरबाट भाग्ने, अनावश्यक माग राख्ने जस्ता व्यवस्थापकीय कठिनाईका कारण COVID-19 विरूद्धको अभियानलाई सशक्त बनाउनुका साथै जिल्लाको शान्ति सुरक्षालाई चुस्त दुरूस्त राख्न यो कदम चालिएको थियो।

**जुम्ला जिल्लामा रहेका एकीकृत क्वारेन्टाईन सेन्टरहरू**

| सि.नं. | एकीकृत क्वारेन्टाईन | स्थानीय तह |
|---|---|---|
| १. | कर्णाली प्राविधिक शिक्षालय, घुघुती | चन्दननाथ नगरपालिका, जुम्ला |
| २. | निर्माण व्यवसायी संघको भवन | चन्दननाथ नगरपालिका, जुम्ला |
| ३. | दुर्गा मा.वि. लाम्रा | तातोपानी गाँउपालिका, जुम्ला |
| ४. | नेत्र ज्योति मा.वि. हाँकु | तातोपानी गाँउपालिका, जुम्ला |
| ५. | हिम शिखर मा.वि. तातोपानी | तातोपानी गाँउपालिका, जुम्ला |
| ६. | सरस्वती मा.वि. कुडारी | तिला गाँउपालिका, जुम्ला |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| | | |
|---|---|---|
| ७. | सीता मा.वि. रारालिही | तिला गाँउपालिका, जुम्ला |
| ८. | राहदेउ मा.वि. मोफ्ला | हिमा गाँउपालिका, जुम्ला |
| ९. | महादेव मा.वि. पाथरखोला | हिमा गाँउपालिका, जुम्ला |
| १०. | कालिका मा.वि. कालिकाखेतु | हिमा गाँउपालिका, जुम्ला |
| ११. | सिंजा बहुमुखी क्याम्पस, सिंजा | सिंजा गाँउपालिका, जुम्ला |
| १२. | नेपाल राष्ट्रिय मा.वि., मालिकाबोता | कनकासुन्दरी गाँउपालिका, जुम्ला |
| १३. | पुरानो प्रहरी चौकी भवन, धवलमुडि | गुठिचौर गाँउपालिका, जुम्ला |
| १४. | कर्णाली ईन्स्टीच्यूट, डिल्लीचौर | पातारासी गाँउपालिका, जुम्ला |

**जिल्ला स्तरीय कोभिड – १९ संकट व्यवस्थापन केन्द्र (CCMC) को संरचना।**

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र थापा, प्र.जि.अ., जुम्ला। | अध्यक्ष | ९८५८३२७७७७ |
| २ | श्री नानीबाबु पोखरेल, जि.स.अ. | सदस्य | ९८५१२५१२२२ |
| ३ | श्री दिवाकार रायमाझी, प्रमुख सेनानी, नन्दाबक्स गण, जुम्ला | सदस्य | ९८५११७१०३३ |
| ४ | श्री लाल बहादुर धामी, प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, जुम्ला। | सदस्य | ९८५८३२५५५५ |
| ५ | श्री गगन श्रेष्ठ, स.प्र.ना.उ., सशस्त्र प्रहरी ३३ नं. गण, जुम्ला। | सदस्य | ९८५११४८३३७ |
| ६ | श्री करम कोईराला, प्र.अ.अ., रा.अ.जि.का., जुम्ला। | सदस्य | ९८५८३२२०१८ |
| ७ | डा. मंगल रावल, क.स्वा.वि.प्र., जुम्ला | सदस्य | ९८५१०६४४५१ |
| ८ | ओम प्रकाश देवकोटा, स.प्र.जि.अ., जुम्ला | सदस्य | ९८५८३२०३८० |
| ९ | कृष्ण सापकोटा, जि.ज.स्वा.अ., जि.ज.स्वा. का, जुम्ला | सदस्य | ९८५८३२२०८१ |

**जिल्ला स्तरीय क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन समिति, जुम्ला**

१) ओम प्रकाश देवकोटा – सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक – जिल्ला प्रशासन कार्यालय, जुम्ला।
२) सन्जीब दाहाल - सह सेनानी - सदस्य – नन्दाबक्स गण, जुम्ला।
३) राजेन्द्र बहादुर चन्द - प्रहरी निरीक्षक - सदस्य – जिल्ला प्रहरी कार्यालय, जुम्ला।
४) धिरेन्द्र बहादुर बडुवाल - सशस्त्र प्रहरी निरीक्षक - सदस्य - सशस्त्र प्रहरी बल ३३ नं. गण, जुम्ला
५) भानुभक्त शर्मा - अनुसन्धान अधिकृत - सदस्य - राष्ट्रिय अनुसंधान कार्यालय, जुम्ला ।
६) रूप बहादुर रावल - ईन्जीनियर - सदस्य - प्राविधिक विकास कार्यालय, जुम्ला।
७) सम्बन्धित वडा अध्यक्ष - वडा अध्यक्ष - सदस्य - सम्बन्धित स्थानीय तह, जुम्ला।
८) कृष्ण सापकोटा - कार्यालय प्रमुख - सदस्य सचिव - जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला।

## **१०. उच्च अदालतमा परेको मुद्दा र आदेशः-**

प्रदेश सरकार तथा स्थानीय तहले लकडाउनको अवधिमा उद्धारको नाममा हजारौ व्यक्तिलाई जुम्ला प्रवेश गराएको, निजहरूको अभिलेख नगरिएको, निजहरूको आवधिक रूपमा स्वास्थ्य अनुगमन नगरिएको, क्वारेन्टाईनको व्यवस्थापन मापदण्ड अनुसार हुन नसकेको र खर्चको पारदर्शिता कायम नगरेको भनी चन्दननाथ न.पा. १० बस्ने अधिवक्ता श्री पदम बहादुर शाहीले मिति २०७७/०१/२९ गते उच्च अदालत सुर्खेत, जुम्ला ईजलासमा माननीय मूख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश, जुम्लाका सबै ८ वटा स्थानीय तह र क्वारेन्टाईन संचालन तथा व्यवस्थापन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारीलाई विपक्षी बनाई दायर गर्नु भएको परमादेश रिट उपर मिति २०७७/०१/२९ गते उक्त ईजलासले प्रदेश सरकार, स्थानीय तह र अन्य Stakeholder हरूको हालसम्मको प्रयासको सराहना गर्दै स्थानीय तहमा निर्मित क्वारेन्टाईन स्थलहरू ".. मापदण्ड २०७६" ले तोकेको स्तरमा पु-याई संचालन गर्नु/गराउनु, स्वास्थ्य परीक्षण नियमित गर्नु गराउनु र लाग्ने खर्चको प्रणाली मार्फत पारदर्शिता कायम गर्नु भनी सबै स्थानीय तहहरूलाई आदेश गरेको थियो। यस मुद्दामा विपक्षी बनाईएका क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समितिका संयोजक तथा स.प्र.जि.अ. लाई कुनै किसिमको आदेश गरेको पाइएको थिएन।

त्यसै गरी नेपाल निर्माण व्यवसायी संघको भवनलाई जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरको रूपमा विस्तार गर्ने भनी मिति २०७७/०२/१० गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयका विरूद्धमा सो भवन आस पासका समूदायले उच्च अदालत सुर्खेत, जुम्ला ईजलाशमा रिट दायर गर्नु भएको थियो। क्वारेन्टाईन स्थल घना बस्तीको बीचमा रहेको, विपद् व्यवस्थापन समितिले अन्य विकल्पका बारेमा विश्लेषण नगरेको र समूदायको राय सल्लाह नलिएको भनी रिटमा जिकीर गरिएको थियो। सम्मानित अदालतले मिति २०७७/०२/१३ गते तत्काललाई क्वारेन्टाईन नबनाउनु र २०७७/०२/१६ मा छलफलका लागि उपस्थित हुन भनी आदेश गरेको थियो। मिति - २०७७/०२/१६ मा क्वारेन्टाईन नबनाउनु भनी दिईएको अन्तरकालिन आदेशलाई निरन्तरता दिएको थियो। मिति २०७७/०२/२० मा बसेको संयुक्त ईजलाशले उक्त रिट खारेज गर्नुका साथै विपक्षीका नाममा ५ बुँदे निर्देशन जारी गरेको थियो।

## **११. स्थानीय विपद् व्यवस्थापन समितिका सम्पर्क व्यक्तिहरूको नामावलीः**

| सि.नं. | पालिकाको नाम | अध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | स्वास्थ्य ईकाइ प्रमुख |
|---|---|---|---|---|
| १ | चन्दननाथ नगरपालिका | कान्तिका सेजुवाल<br>९८५८३२२२३० | शोभाकर रेग्मी<br>९८५८३९११११ | पृथीनाथ योगी<br>९८४८३०२२५१ |
| २ | हिमा गा.पा. | रज बहादुर शाही<br>७४८९०६०६७ | टोप बहादुर बुढा<br>९८५८३२०४०२ | रतन रावत<br>९८६८३९८८६९ |
| ३ | पातारासी गा.पा. | लछीमन बोहोरा<br>९७५८९००२१८ | टेक बहादुर बुढ्थापा<br>९७५८९०१२८२ | रतन बुढ्थापा<br>९८४८३०२१५५ |
| ४ | गुठिचौर गा.पा. | हरि बहादुर भण्डारी<br>९८५८३२२९१६ | अम्मरराज गिरी<br>९८५८३६६८०० | बलराम नेपाली<br>९८५८०२३२८२ |
| ५ | तिला गा.पा. | रतननाथ योगि<br>९८५८३२०१३७ | नवराज सापकोटा<br>९७५८९०१२६६ | गणेश शाही<br>९८४८३१३४११ |
| ६ | कनकासुन्दरी गा.पा. | नरविर रावत | विपेन्द्र अधिकारी | दामोदर आचर्य |

| | | | | |
|---|---|---|---|---|
| | | ९८५८०५०२८० | ९८५८३२२०९४ | ९८४८०८३४१६ |
| ७ | तातोपानी गा.पा. | नवराज न्यौपाने ९७५८९०७८६१ | विष्णु धिताल ९८५८०२७१५० | गुरू प्रसाद चौलागाई ९८४८३०७५५१ |
| ८ | सिंजा गा.पा. | देवल सिंह रावत ९८५१०१२२९४ | एकराज चौलागाई ९८४८३९५१२६ | नर बहादुर रोकाया ९८६६६३३५०६ |

**१२.क्वारेन्टाईन सेन्टरको सुरक्षा व्यवस्थाः-**

जिल्ला विपद् व्यवस्थापन समिति तथा DCCMC, जुम्लाको अनुरोधमा जिल्ला सुरक्षा समिति, जुम्लाले जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरहरूको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्ने निर्णय गरेको थियो। यस पूर्व छरिएर रहेका क्वारेन्टाईन स्थलहरूको सुरक्षा व्यवस्थामा देखिएको व्यवस्थापकीय कमजोरीलाई समाधान गर्न तथा जुम्ला जिल्लालाई कोभिड -१९ को संक्रमणबाट सुरक्षित राख्न देहाय बमोजिमको निर्णय गरिएको थियो।

| सि.न. | स्थानीय तह | क्वारेन्टाईन स्थल | जिम्मेवार सुरक्षा निकाय | सहयोगी सुरक्षा निकाय |
|---|---|---|---|---|
| १ | चन्दननाथ नगरपालिका | कर्णाली प्राविधिक शिक्षालय, घुघुती | नेपाली सेना | नेपाल प्रहरी |
| २ | चन्दननाथ नगरपालिका | नेपाल निर्माण व्यवसायी संघको भवन | नेपाली सेना | नेपाल प्रहरी |
| ३ | तातोपानी गाँउपालिका | दुर्गा मा.वि.,लाम्रा | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ४ | तातोपानी गाँउपालिका | नेत्र ज्योति मा.वि., हाँकु | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ५ | तिला गाँउपालिका | सरस्वती मा.वि., कुडारी | नेपाल प्रहरी | |
| ६ | तिला गाँउपालिका | सीता मा.वि., रारालिही | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ७ | हिमा गाँउपालिका | कालिका मा.वि., कालिकाखेतु | नेपाली सेना | नेपाल प्रहरी |
| ८ | हिमा गाँउपालिका | राहदेव मा.वि., मोफ्ला | नेपाल प्रहरी | |
| ९ | पातारासी गाँउपालिका | कर्णाली ईन्सिच्युट, डिल्लीचौर | नेपाल प्रहरी | |
| १० | सिंजा गाँउपालिका | सिंजा बहुमुखी क्याम्पस, नराकोट | नेपाल प्रहरी | |
| ११ | कनकासुन्दरी गाँउपालिका | नेपाल राष्ट्रिय मा.वि., मालिकाबोता | नेपाल प्रहरी | |
| १२ | गुठिचौर गाँउपालिका | पुरानो प्रहरी चौकी भवन, धवलमुडि | नेपाल प्रहरी | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

**१३.स्थानीय तहमा विशेषज्ञ चिकित्सक टोली परिचालनः-**

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, जुम्लाको अनुरोध तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको निर्णय अनुसार जुम्ला जिल्लाका ८ वटै स्थानीय तहमा विशेषज्ञ चिकित्सक टोली परिचालन गरिएको थियो। जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरमा रहेका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गर्ने, त्यस्ता व्यक्तिहरूलाई मनोपरामर्श दिने तथा स्थानीय तहले स्थापना तथा संचालन गर्ने आइसोलेशन कक्षलाई विशेषज्ञ सेवा दिने TOR उक्त टोलीलाई रहेको थियो।

**प्रत्येक स्थानीय तहमा परिचालित चिकित्सक टोलीः-**

| सि.नं. | नामथर | पद | खटिने स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | प्रा.डा. कमलराज शर्मा | प्राध्यापक | गुठिचौर गाँउपालिका | |
| २. | प्रा.डा. राम प्रसाद उप्रेति | प्राध्यापक | गुठिचौर गाँउपालिका | ९८५१०३९८०९ |
| ३. | डा. सुनिल बुढाथोकी | प्राध्यापक | तातोपानी गाँउपालिका | ९८४२०२१९५१ |
| ४. | श्री सुष्मा काफ्ले | लेक्चर | तातोपानी गाँउपालिका | |
| ५. | डा. कपिल अम्गाई | उप प्राध्यापक | पातारासी गाँउपालिका | ९८४९०८११६४ |
| ६. | डा. भुमेस काफ्ले | डेन्टल सर्जन | पातारासी गाँउपालिका | |
| ७. | डा. सन्जिब पण्डित | लेक्चर | तिला गाँउपालिका | ९८५८३२२५५९ |
| ८. | डा. आशा शर्मा | मेडिकल अधिकृत | तिला गाँउपालिका | |
| ९. | डा. विशाल पोखरेल | उप प्राध्यापक | सिंजा गाँउपालिका | ९८४१९४३२८८ |
| १०. | डा. दृष्टिराज जोसी | डेन्टल सर्जन | सिंजा गाँउपालिका | |
| ११. | डा. शम्भु यादव | मेडिकल अधिकृत | कनकासुन्दरी गाँउपालिका | ९८६०६५२५६३ |
| १२. | डा. प्रविण गिरी | उप प्राध्यापक | चन्दननाथ नगरपालिका | ९८५८३२००५३ |
| १३. | डा. अर्जुन तिवारी | लेक्चर | चन्दननाथ नगरपालिका | |
| १४. | डा. अब्जित मिश्र | मेडिकल अधिकृत | हिमा गाँउपालिका | ९८५१२०१७०७ |
| १५. | डा. महिमा थापा | मेडिकल अधिकृत | हिमा गाँउपालिका | |

**१४.क्वारेन्टाईन सेन्टरमा योगाभ्यास संचालनः-**

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरमा रहनु भएका व्यक्तिहरूको मानसिक तथा शारीरिक तन्दुरूस्तीका लागि योगाभ्यास संचालन गरिएको थियो । DCCMC, जुम्लाको संयोजन तथा जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, आयुर्वेद शाखाको व्यवस्थापनमा संचालित कार्यक्रमको प्रमुख प्रशिक्षक डा. प्रतिभा शर्मा हुनुहुन्थ्यो । योगका माध्यमबाट कोरोना भाईरसले उत्पन्न गरेको मानसिक तनाबलाई कम गर्न तथा हरेक नागरिकको जीवनलाई अनुशासित बनाउनु सो कार्यक्रमको उद्धेश्य रहेको थियो । यसै क्रममा क्वारेन्टाईनमा बसेका व्यक्तिहरूलाई रोग विरूद्ध लड्ने आयुर्वेद औषधी पनि वितरण गरिएको थियो ।

**१५.जुम्लामा प्रथम पटक कोरोना संक्रमण र Isolation कक्षमा स्थानान्तरणः-**

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टर कर्णाली प्राविधिक शिक्षालयमा रहनु भएका दोस्रो चरणका २५ जना व्यक्तिहरूको PCR परीक्षण गर्दा २०७७/०२/१९ मा जुम्लामा प्रथम पटक १९ जनामा कोरोना संक्रमण देखिएको थियो । जसमध्ये १६ जना भारतबाट आएका व्यक्ति, २ जना सुरक्षाकर्मी र १ जना स्वास्थ्यकर्मी रहेका थिए । तत् पश्चात सो सेन्टरको व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, क्यान्टिन संचालक, व्यवस्थापकीय कर्मचारीहरूको PCR परीक्षण गरिएको थियो । यस परीक्षणले थप ७ जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरूमा संक्रमण देखिएको थियो । यसरी संक्रमण देखिएका व्यक्तिहरूलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको Isolation कक्षमा राखी उपचारको व्यवस्था मिलाईएको थियो ।

**१६. कोरोना भाईरस विरूद्ध विजयी र घर फिर्ताः-**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारार्थ कोरोना संक्रमित व्यक्तिहरूको मिति २०७७/०२/२७ मा गरिएको PCR परीक्षणमा १८ जना व्यक्तिहरूको नतिजा Negative भए पछि सोही दिन प्रतिष्ठानले उनिहरूलाई विदाई गरेको थियो । विदाई कार्यक्रममा CCMC, जुम्लाका संयोजक तथा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा लगायत जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक डा. मंगल रावल, रजिष्टार श्री विश्वराज काफ्लेको उपस्थिति रहेको थियो । कोरोना माथि विजयी व्यक्तिहरूलाई घरमा पुगे पछि अपनाउनु पर्ने सावधानीका बारेमा डा. धिरज गुरूङले सुझाव प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूले शुभकामना व्यक्त गर्नु भएको थियो । हालसम्म कोरोना पोजेटिभ देखिएका ६९ जना व्यक्तिहरू निको भई घर फर्की सकेका छन् ।

**१७. फोहोरमैला संकलन तथा व्यवस्थापन सहजीकरणः**

चन्दननाथ नगर क्षेत्रमा प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूको संयोजकत्वमा फोहोर मैला संकलन गरिएको थियो । फोहोर संकलन कार्यमा जिल्ला समन्वय समितिका पदाधिकारी, चन्दननाथ नगरपालिका पदाधिकारी, जिल्ला स्थित सुरक्षा निकाय, कर्मचारी, उद्योगी/व्यवसायी, युवा संजाल तथा स्थानीय समूदायको सहभागिता रहेको थियो । नगर क्षेत्रमा जथाभावी फालिएको फोहरलाई संकलन केन्द्रसम्म लैजान र व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालयले चन्दननाथ नगरपालिका, उद्योग वाणिज्य संघ, डिभिजन वन कार्यालय, गै.स.स., नागरिक समाज र युवा सञ्जालसँग समन्वय बैठक गरेको थियो ।

### १८. डिजिटल वडापत्रको शुरूवातः

जिल्ला प्रशासन कार्यालय, जुम्लाले आ.व.२०७६/०७७ आर्थिक वर्षको अन्तमा डिजिटल नागरिक वडापत्रको शुरूवात गरेको छ। सामाजिक विकास कार्यालय आप्रवासन सूचना केन्द्र कार्यक्रम मार्फत प्राप्त कम्प्यूटर तथा मोनिटरलाई वडापत्र Display हुने व्यवस्था मिलाईएको छ। उक्त मोनिटर मार्फत जिल्ला प्रशासन कार्यालय मार्फत प्रदान गरिने सेवाहरू विद्युतिय नागरिक वडापत्र मार्फत Display हुने व्यवस्था मिलाईएको साथै आप्रवासन सम्बन्धी सूचना, जुम्लाका पर्यटकीय तथा ऐतिहासिक स्थलहरू Auto Display हुने गरी मिलाईएको छ।

## ११.सूचना अधिकारी र प्रमुखको नाम र पदः

**कार्यालय प्रमुख :**

- नाम: भूपेन्द्र थापा
- पद: प्रमुख जिल्ला अधिकारी
- सम्पर्क न. ९८५८३२७७७७

**सूचना अधिकारी :**

- नाम: ओम प्रकाश देवकोटा
- पद: सहायक प्रमुख जिल्ला अधिकारी
- सम्पर्क न : ९८५८३२०३८०
- ईमेल : daojumla@gmail.com

## १२.जिल्ला प्रशासन कार्यालय, जुम्लाको आर्थिक विवरणः

| सि.नं. | बजेट शीर्षक | बजेट निकासा | बजेट खर्च | प्रगति (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | १,५५,३२,४०५। | १,५०,७०,४०९। | ९७.०२ | |
| २ | पूँजिगत | ४२,४०,०००। | ४२,२१,५६८।६९ | ९९.५६ | |
| ३ | बेरूजुको अवस्था शून्य रहेको। | | | | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

## १३.जिल्ला प्रशासन कार्यालयसंग सम्वन्धित ऐन,कानुन तथा प्रमुख जिल्ला अधिकारीको भूमिका :

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ | अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने । |
| २ | अध्यागमन ऐन, २०४९ | अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने । |
| ३ | अध्यागमन नियमावली, २०५१ | अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने । |
| ४ | उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ | - प्रजिअले उमेर, नाम र जात सच्याउने सम्वन्धमा फैसला गर्ने ।<br>- नागरिकता र शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात फरक परेमा सच्याउने फैसला गरी परीक्षा<br>- नियन्त्रकलाई फैसलाको नक्कल सहित पठाउने ।<br>- उमेर, नाम र जात फरक परेमा सच्याउने सम्वन्धमा आवश्यक भएमा समन जारी गर्न, साक्षीहरु उपस्थित गराउने,<br>- लिखतहरु पेश गराउन, प्रमाण र सरजमीनहरु बुझ्न प्रमुख जिल्ला अधिकारीलाई नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ । |
| ५ | उपभोक्ता संरक्षण ऐन, २०७५ | अधिकार प्रत्यायोजन भएअनुसार कार्यान्वयन गर्ने । |
| ६ | कारागार ऐन, २०१९ | - जिल्लाको कारागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने ।<br>- प्रमुख जिल्ला अधिकारीले ६ महीनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै कारागारको जाँच गर्नु गराउनु पर्ने।<br>- कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा तीन महीना सम्म कैद वा दुईसय रुपैयाँसम्म जरिवाना वा दुबै गर्न मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार प्रजिअमा रहने । |
| ७ | कारागार नियमावली, २०२० | - बदमासी गरे बापत गोलघरमा राखिने कैदीको जनाउ जेलरले प्रमुख जिल्ला अधिकारीलाई तुरुन्तै गराउने<br>नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कार्यालयले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | पर्ने ।<br>- छुट्कारा पाएका कैदी वा थुनुवाहरु मध्ये धैरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ ।<br>- कैदीवन्दीहरुलाई नियमानुसार दिइने लुगाको निमित्त कपडाको किसिम र नमूना प्रमुख जिल्ला अधिकारीले पास गरिदिए बमोजिम तयार गरी दिइनेछ ।<br>- कारागार कैदी वा थुनुवालाई आए गएको चिठ्ठीपत्र जेलरले सेंसर गर्दा देश लाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठी पत्रपत्रिका जफत गरी कारवाईको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने ।<br>- कैदको सजाय छोट्याउन जेलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा जिल्ला प्रमुख अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाउनु पर्ने ।<br>- कारागारमा रहेका कैदी वा थुनुवाहरुलाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरुबाट गराइनेछ । प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एक पटकमा एक सय रुपैयासम्म दिइनेछ । जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनु पर्ने ।<br>- कैदी वा थुनुवालाई सरुवा गर्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीहरुले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउने । |
| ८ | कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | - कालोबजार तथा केही सामाजिक अपराध सम्वन्धि मुनासिब माफिकको उजूर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वारेण्ट जारी गर्ने ।<br>- औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री वाहेकका अन्य कसुरमा प्रमुख जिल्ला अधिकारीले मुद्दाको कारबाही र किनारा गर्ने |
| ९ | कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार (निवारण) ऐन, २०७१ | - कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार सम्वन्धि उजूरीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ । |
| १० | खाद्य ऐन, २०२३ | - दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने र झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गरेको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार |

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । |
| ११ | खाद्य नियमावली, २०२७ | - उत्पादित खाद्य पदार्थ ऐनको दफा बमोजिम निर्धारित गुणस्तर वा मात्राको नभएमा सो शर्त अनुसारको व्यवस्था र गुण स्तरमा सुधार नगरेसम्मको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिसमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो खाद्य उद्योगको उत्पादनमा रोक लगाउन सक्नेछ ।<br>- कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाई लिई रोक्का राख्न सक्ने । |
| १२ | छापाखाना र प्रकाशन ऐन, २०४८ | - छापाखाना दर्ता गर्ने ।<br>- पत्रपत्रिका दर्ता गर्ने ।<br>- प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमा,झुठा विवरण दिएमा, किताव नवुझाएमा,अनधिकृत रुपमा प्रकाशन गरेमा, प्रतिवन्धित प्रकाशन गरेमा, निषेधित प्रकाशन अनुवाद गरेमा, विदेशी प्काशन पैठारी गरेमा, प्रेस प्रतिनिधीको प्रमाणपत्र नलिई काम गरेमा जरिवाना गर्ने । |
| १३ | छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ | |
| १४ | जलस्रोत ऐन, २०४९ | - जिल्ला जलस्रोत समितिको अध्यक्ष |
| १५ | जलस्रोत नियमावली, २०५० | |
| १६ | जग्गा प्राप्ति ऐन, २०३४ | - मुआब्जाको किसिम र सो निर्धारण गर्ने समितिको अध्यक्षको रुपमा रहने ।<br>- जग्गा प्राप्तिको सूचना जारी गर्ने ।<br>- जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ । यसरी जग्गा कब्जामा लिएपछि स्थानिय अधिकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ ।<br>- मुआव्जा पाउनेको नामावली प्रकाशन गर्ने ।<br>- नेपाल सरकार वा संस्थाको स्वामित्वमा आएको जग्गा नेपाल सरकारको लागि प्राप्त गरिएकोमा जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्ने ।<br>- विशेष परिस्थितमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार ।<br>- नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्ने ।<br>- क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | रकम बुझ्नको लागि तीन महीनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्ने । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिनेछ ।<br>- ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाई र किराना गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।<br>- नोक्सानी बापत क्षतिपूर्ति दिइने । |
| १७ | जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ | - यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । |
| १८ | नेपाल नागरिकता ऐन, २०६३ | - नेपाली नागरिकता जारी गर्ने अधिकारीको रुपमा कार्य गर्ने। प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्ने ।<br>- कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्द गर्ने ।<br>- नेपाली नागरिकता त्याग भएमा अभिलेख व्यवस्थापन गर्ने । |
| १९ | नेपाल नागरिकता नियमावली, २०६३ | |
| २० | पशु बधशाला र मासु जाँच ऐन, २०५५ | - यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ। |
| २१ | पशु बधशाला र मासु जाँच नियमावली, २०५७ | |
| २२ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | - यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरुको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । |
| २३ | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ | |



स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| २४ | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | - प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहेको पुरातात्विक वस्तुहरुको विवरण पुरातत्व विभागलाई दिनुपर्ने।<br>- पुरातत्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई नगर योजना स्वीकृत भएको ठाउँमा नगरविकास योजना कार्यान्वयन समितिले र नगरयोजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पैतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ<br>- कुनै व्यक्ति वा संस्थाले नियमानुसार स्वीकृति लिई उत्खनन् गर्दा पुरातात्विक महत्वको कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालीस घण्टाभित्र पुरातत्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्व विभागलाई उक्त कुराको जानकारी दिनु पर्नेछ।<br>- पुरातत्व विभागमा प्राप्त हुन आएको प्राचीन स्मारक वा पुरातात्विक वस्तु सम्बन्धित धनी वा गुठियारहरूले प्रतिस्थापना गर्न वा यथास्थानमै राख्न फिर्ता पाउँ भनी परेको निवेदन उपर फिर्ताका लागि वास्तविकताका आधारमा पुरातत्व विभाग सिफारिस गर्ने।<br>- जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानुनबमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्विक वस्तुको हकमा भने मालधनी जोसुकै भए तापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिनेसमेत कुनै कारवाई गर्नु पर्दैन। यसरी उल्लेख भएको वस्तुको विगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकीर्ति मोल कायम गरी लिई प्रचलित नेपाल कानुनबमोजिम दिलाउने भराउने गर्नु पर्छ।<br>- प्रमुख जिल्ला अधिकारीले प्रत्येक वर्ष आषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्विक वस्तुहरूको विवरण नियमावलीमा तोकिए बमोजिम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्र कुनै पुरातात्विक वस्तु फेला परेको जानकारी पाएमा त्यसरी जानकारी पाएको मितिले पैंतीस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण नियमावलीमा तोकिए बमोजिमको फाराममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ। |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| २५ | प्रहरी ऐन, २०१२ | - जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ। कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ।<br>- वारेण्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार।<br>- सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दाबीको सबूत समेत लिई दाबी गर्न आउनु भनी इश्तिहार जारी गर्न सक्नेछ।<br>- बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसकोतायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ।<br>- प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ। |
| २६ | प्रहरी नियमावली, २०७१ | - प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरू प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन्।<br>- जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्व सूचना प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।<br>- महानगरीय प्रहरी परिसर प्रमुख र जिल्ला प्रहरी प्रमुखको कासमुमा सुपरीवेक्षकको भुमिका निर्वाह गर्ने।<br>- आफूसमक्ष पेश भएको कार्यसम्पादन फाराम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा एक प्रति मन्त्रालय र एक प्रति प्रहरी प्रधान कार्यालयमा सिलबन्दी गरी पठाई एक प्रति आफ्नै कार्यालयमा सिलबन्दी रुपमा राख्नु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले वर्षको कम्तीमा एक पटक जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त र प्रहरी प्रभागको निरीक्षण गर्नु पर्नेछ।<br>- प्रत्येक इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | डायरी तथा प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराध सम्बन्धी सारांश प्रतिवेदन हेरी आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखलाई दिनुपर्नेछ। यसरी निरीक्षण गर्दा जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरूको निरीक्षण गरे वा नगरेको सम्बन्धमा समेत निरिक्षण गर्नु पर्नेछ।<br>- सीमावर्ती इलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालयको प्रमुखले पारस्परिक सहयोग पु¥याउने सिलसिलामा छिमेकी मित्र राष्ट्रका सीमावर्ती इलाकामा रहेका प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकता अनुसार छलफल गर्नु परेमा वा सोका लागि सम्बन्धित मित्र राष्ट्रमा जानु परेमा प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ।<br>- कर्तव्य पालनाको शिलशिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पर्न नसकेको अवस्थामा सम्वन्धित प्रमुख जिल्ला अधिकारी र सम्वन्धित प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा हत्या गरिएका प्रहरी कर्मचारीको परिवारलाई नियम अनुसारको बमोजिमको सुविधा दिइनेछ।<br>- सुरक्षा प्रतिकूल क्रियाकलाप, खराब चरित्र भएका व्यक्ति, शङ्कित व्यक्ति तथा गतिविधिहरूको बारेमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गर्ने। |
| २७ | भ्रष्टाचार निवारण ऐन, २०५९ | - |
| २८ | मुलुकी अपराध संहिता, २०७४ | ** |
| २९ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | मुलुकी अपराध संहिता, २०७४ अनुसार प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाको फर्छौटको लागि मुलुकी फौजदारी कार्यविधि अनुसार कार्यान्वयन गर्ने। |
| ३० | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ | |
| ३१ | यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ | - पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ। |
| ३२ | राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ | - अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३३ | राहदानी ऐन, २०२४ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३४ | राहदानी नियमावली, २०६७ | |
| ३५ | राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३६ | लागु औषध (नियन्त्रण) ऐन, २०३३ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३७ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | - जिल्ला विपद् व्यवस्थापन समिति को अध्यक्षको रुपमा कार्य गर्ने।<br>- विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ।<br>- नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,<br>- यस ऐन अन्तर्गतको कुनै कसुरजन्य कार्य गरेमा मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ। |
| ३८ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | |
| ३९ | विभूषण ऐन, २०६४ | - जिल्ला स्तरवाट गरिने विभुषण सिफारिस लगायतका कार्यहरु लगायत अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ४० | विभूषण नियमावली, २०६५ | |
| ४१ | बिष्फोटक पदार्थ ऐन, २०१८ | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण अधिकार<br>- प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कीत वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी<br>- कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग |

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र<br>- जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ ।<br>- नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै<br>- दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ । |
| ४२ | बिष्फोटक पदार्थ नियम, २०२० | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्र्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण .निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार तथा गिरफ्तार गर्ने अधिकार |
| ४३ | स्थानीय प्रशासन ऐन, २०२८ | - जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र । सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारी रहने ।<br>- जिल्ला सुरक्षा समितिको अध्यक्षको भुमिका निर्वाह गर्ने ।<br>- कर्फ्यु लगाउन सक्ने । दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने<br>- जिल्ला स्तरका कार्यालयहरू माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने<br>- जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने, स्थानीय सरकारले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पु-याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने दायित्व ।<br>- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षः नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ<br>- प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेत ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरूले कानून बमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गर्ने ।<br>- मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार<br>- अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरबाही साथ बोली हिंड्ने वा |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। <br> - बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ। <br> - प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनवारले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइदिन वा वन तथा भू–संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ। <br> - कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्ने। <br> - प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटी पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँपालिका वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ। <br> - सरकारी जग्गा सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउनु हुँदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ <br> - मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ। <br> - कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रूपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ। |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | | - परम्परादेखि चलिआएको धार्मिक पूजा आजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशुपंक्षी वध गर्न मनाई गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपन्छीको वध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँचसय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिबानाको आदेश उपर पुनरावेदन लाग्नेछैन<br>- सडकमा छाडा गाइवस्तु वस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई पक्री लिलाम गर्ने ।<br>- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्ने । |
| ४४ | सशस्त्र प्रहरी ऐन, २०५८ | - मुद्दाको सुनुवाइको क्रममा कुनै साक्षीबाट केही बुझ्नु पर्ने देखेमा सशस्त्रप्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान जारी गरी बुझ्न सक्नेछ । तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वाअसुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्रप्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ । |
| ४५ | सशस्त्र प्रहरी नियमावली, २०७२ | |
| ४६ | सार्वजनिक सुरक्षा ऐन, २०४६ | - नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ ।<br>- स्थानहदको आदेश जारी गर्ने । |
| ४७ | संस्था दर्ता ऐन, २०३४ | - संस्था दर्ता गर्ने आदेश दिने।नविकरण गर्ने ।<br>- संस्थाको कुनै सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ<br>- संस्थाको उद्देश्यहरुमा हेरफेर<br>- आवश्यक देखेमा संस्थाको हिसाब आफूले<br>- नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।हिसाब जाँच गराए वापत हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।<br>- दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । |
| ४८ | संस्था दर्ता नियमावली, २०३४ | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| ४९ | सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ | - जिल्लाभित्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको संयोजक को रुपमा कार्यगर्ने।<br>- अदालत र रक्षा सम्बन्धी निकाय बाहेक अन्य जिल्लास्थित कार्यालय तथा विकास आयोजनाको वर्षमा एकपटक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्नु पर्नेछ। |
| ५० | सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ | |
| ५१ | शिक्षा ऐन २०२८ | - जिल्ला शिक्षा समितिको सदस्यको भुमिका<br>- यस ऐन बमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्दामा कारवाही र किनारा गर्ने। |
| ५२ | शिक्षा नियावली २०५९ | - जिल्ला अनौपचारिक शिक्षा समितिको सदस्य<br>- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको अध्यक्षता<br>- वृत्ति सिफारिस समितिको अध्यक्षता<br>- विद्यालयको सम्पत्ति सुरक्षा समितिको अध्यक्षता<br>- प्रमाणपत्र छानविन समितिको अध्यक्षता |
| ५४ | सूचनाको हकसम्बन्धी ऐन, २०६४ | - Pro active Disclosure<br>- सूचना अधिकारीको व्यवस्था<br>- सूचना अधिकारीहरुको नियमित वैठक |
| ५५ | सूचनाको हकसम्बन्धी नियमावली, २०६५ | |
| ५६ | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | - कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको<br>- बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काइस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई<br>- सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराइदिनु पर्नेछ। |
| ५७ | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ | |
| ५८ | होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, | - ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला

| सि.न | ऐन / नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | २०२३ | |
| ५९ | होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४ | |


**प्रकाशकः**

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय, जुम्ला**

**COVID - 19 Crisis Management Centre (CCMC), Jumla**

**url:http//daojumla.moho.gov.np**



**E- mail:daojumla@gmail.com Fb.com / जिल्ला प्रशासन कार्यालय, जुम्ला**

**फोनः ०८७- ५२०१८०**


स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, जुम्ला